# फिदिम नगरपालिका

## नगरपालिकाको कार्यालय,फिदिम,पाँचथर

## नगरपालिकाको डिजिटल वस्तुगत विवरण (Profile) निर्माणको प्रस्ताव पेश गर्ने सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/०२/१५

यस नगरपालिकाको सम्पुर्ण विवरणहरु झल्कने तथ्यांक सहितको डिजिटल वस्तुगत विवरण (E-Village Profile) प्रस्ताव अध्ययन गरी प्रतिस्पर्धाको आधारमा सेवा प्रदायक संस्था छनौट गरी निर्माण गर्नु पर्ने भएकोले इच्छुक योग्यता पुगेका फर्म/संस्था/कम्पनीहरुले देहायको शर्तहरुको अधिनमा रहि १५ दिन भित्रमा रित पूर्वक प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१.प्रस्तावकले यस कार्यालयवाट नियमानुसार कार्यविवरण (TOR) रु १०००।- राजश्व शाखामा तिरि यो सूचना सार्वजानिक भएको १५ औ दिन भित्रमा खरिद गर्न सक्नु हुनेछ । TOR खरिद गर्नको लागि निवेदन साथ मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७४/७५ को कर चुक्ता प्रमाण पत्र, सम्वन्धीत फर्म, कम्पनी वा संस्था दर्ता र नविकरणको प्रमाणपत्रको प्रतिलिपी राखी सू.प्र. शाखामा निवेदन दिनु पर्ने छ ।

२. प्रस्तावकले आर्थिक एवं प्राविधिक प्रस्ताव अलग अलग खाममा शिलवन्दी गरी खाम वाहिर अलग अलग नाम लेखि पुनः दुवैलाई एउटै खाममा सिलवन्दी गरी पेश गर्नु पर्नेछ ।

३.शिलवन्दी प्रस्ताव १६ औ दिन दिनको १२ वजे भित्र कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । यसरी दर्ता भएका प्रस्ताव दिनको १:०० वजे नियमानुसार खोलिनेछ ।

४. प्रस्ताव दाताको प्रतिनिधी खोल्ने समयमा उपस्थित नभएमा खोल्न वाधा पर्ने छैन ।

५.शिलवन्दी भई नआएको, म्याद नाघि आएका वा प्रचलित कानुन अनुसार रित पूर्वक पेश हुन नआएका प्रस्ताव उपर कुनै कारवाहि हुने छैन ।

६.प्रस्ताव दर्ता र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि लगतै कार्यालय खोलेको दिन उल्लेखित समय अनुसार नै प्रस्ताव, खोल्ने दिन र समय मानिने छ ।

७. रितपूर्वक दर्ता हुन आएका शिलवन्दी प्रस्तावहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा यस कार्यालयवाट स्वीकृत भएको TOR मा उल्लेखित शर्त वमोजिम मूल्यांकन गरी प्रस्ताव छनौट गरिने छ ।

८.प्राविधिक रुपमा सफल प्रस्तावकहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।

९.प्रस्ताव स्वीकृत गर्ने, नगर्ने वा कार्यक्रम खारेज गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

१०. लागत रकम कम भएतापनि कामको (E-Profile सिस्टमको Feature, Content र software को advancement लाई मान्यता दिइनेछ )

११. पेश गर्ने फर्म तथा कम्पन्नीले विभिन्न सरकारी निकायमा कम्तीमा पनि ३ वर्ष सम्म काम गरेको र डिजिटल वस्तुगत विवरण (E-profile ) सम्बन्धी कम्तीमा पनि ५ वटा स्थानीय निकायमा काम गरिसकेको हुनुपर्छ ।

१२. ~~दरभाउपत्र~~ प्रस्तावदाताले धरौटि बापत आफूले कबुल गरेको अङ्कको २.५ % हुन आउने रकम नेपाल बैंक लि. फिदिम शाखामा रहेको धरौटी खाता नं ०६७०३०००००००००३०००००३ मा जम्मा गरेको भौचर गर्नुपर्ने वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।

विस्तृत कुरा बुझ्न परेमा फो.नं ९८०६००२७७२ मा सम्पर्क वा www.phidimmun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत